# बाँच्नका लागि चुरे जोगाऔं : पूर्व राष्ट्रपति

देवेन्द्र बस्नेत

दाङ, जेठ २३

पूर्वराष्ट्रपति रामवरण यादवले मानवीय जीवनरक्षाका लागि नासिँदै गएको चुरे पहाड जोगाउनु अपरिहार्य भएको बताएका छन्। विश्ववातावरण दिवसका अवसरमा नेपाल पत्रकार महासंघ दाङले आइतबार घोराहीमा गरेको कार्यक्रममा उनले संविधान कार्यान्वयनजस्तै चुरे संरक्षण अभियान पनि अहिलेको प्रमुख राष्ट्रिय कार्यभार भएको बताए।

चुरे 'विनाशलीला' ले मानव जीवन संकटमा पर्दै गएको बताउँदै उनले भने, 'आयु लम्ब्याउनका लागि चुरे जोगाउनु अपरिहार्य छ, संविधान कार्यान्वयनजस्तै चुरेलाई पनि महत्त्व दिएर जोगाउनुपर्छ।' पूर्वराष्ट्रपति यादवले तराईमा पानीको संकट बढ्दै जानु र तापक्रम उच्च हुनु चुरे विनाशको असर भएको बताए। समयमै चुरे दोहन रोक्न नसकिए यसको असर झनै भयावह हुने उनको भनाइ छ।

'सबैभन्दा बढी पानीको समस्या देखिएको छ, यसको कारण चुरेमाथिको आक्रमण हो,' उनले भने, 'मेरो अनुरोध छ, चुरेलाई सबै मिलेर जोगाऔं।' चुरेमाथि भइरहेको आक्रमणको समाधान खोज्न नसके यसको असर भयावह हुने उनले बताए। 'चुरे जोगाउने कानुन निर्माणका लागि सांसदले संसदमा कुरा उठाउनुस्, पार्टीका नेताले आफ्ना शीर्ष नेतालाई घच्घच्याउनुस्, नत्र भोलि झनै ठूलो संकट निम्तने खतरा छ।' आफूले सुरु गरेको कार्यक्रमलाई सरकारले गम्भीर रूपले मनन नगरेको गुनासो गर्दै यादवले राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको गुरुयोजना कार्यान्वयन गर्न नसकेको बताए। सरकारले यो कार्यक्रमको कानुनै नबनाइदिएको गुनासो उनले पोखे। कार्यक्रममा सहभागी सांसदलाई उनले भने, 'कानुन बनाउने निकाय संसद हो, त्यहाँका प्रतिनिधि तपाईंहरूले आवाज उठाउनुस्।'



'चुरेलाई तराई, पहाड र हिमालको साझा मुद्दा बनाएर भौगोलिक एकता कायम गरिनुपर्छ'

चुरे संरक्षणका लागि आफूले 'राष्ट्रपति' को नाम जोडेर कार्यक्रम लागू गरेको भए पनि यसको अतिक्रमण रोकिन नसकेको उनको भनाइ छ। उनले यो कार्यक्रमको नाम राष्ट्रपतिलाई जोडेर राखिएकोमा केही असहमतिसमेत व्यक्त भएको स्मरण गर्दै भने, 'मैले मेरो नामबाट कार्यक्रम लागू गर्न भनेको थिइनँ, राष्ट्रको अभिभावक राष्ट्रपतिको नाम राखेपछि सबैले सम्मान गर्लान् र विनाश रोकिएला भनेर मैले यो कार्यक्रम लागू गर्न खोजेको थिएँ।' मानवीय संकट मात्रै नभई चुरे संरक्षणले मानव सभ्यता र भूगोललाई समेत जोड्ने उनको भनाइ छ।

हिमाल, पहाड र तराईको साझा मुद्दा चुरे संरक्षण बन्न सके भौगोलिक एकतासमेत कायम हुने उनको दाबी थियो। 'अहिले पहाड, हिमाल र तराईबीच केही भिन्नता देखिएका छन्,' उनले भने, 'केही साझा मुद्दा बनाएर अघि बढ्न सकियो भने पनि एकताका लागि ईँटा थपिन्छ, त्यसको उपाय भनेको चुरे संरक्षण बन्न सक्छ।' उनले चुरे संरक्षण कार्यक्रम सुरु गर्ने अभियानको अर्को उद्देश्य यो पनि रहेको बताए। 'तराईको जलभण्डार रित्तिँदै गएको छ, पहाड नासिँदै छ,' उनले भने, 'हिमालको जडीबुटी पनि जोगाइराख्नु छ, त्यसैले चुरेलाई साझा मुद्दा बनाएर भौगोलिक एकता कायम गरिनुपर्छ।'

अर्को प्रसंगमा पूर्वराष्ट्रपति यादवले संविधान कार्यान्वयन हुन नसके सबै नेपालीको पहिचान गुम्ने बताए। 'संविधान बनेन भने मेरो पूर्व राष्ट्रपतिको पहिचान पनि हराउँछ,' उनले भने।